# मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी,
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नं.:

सूचना।　　　　सूचना।।　　　　सूचना।।।

प्रथम पटक प्रकाशित मितिः- २०८१/०९/०८

मनराशिसवा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०७/०७ गतेको बैठकको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत वडा नं.५ कटैया बजार स्थित तपसिल अनुसारको सटरहरु(कोठा) चालु आर्थिक वर्ष २०८१/०८२ को लागि बढाबढको माध्यमबाट भाडामा दिनु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

| क्र.सं. | कोठा | कोठाको ठेगाना | ठेक्का अवधि | मासिक भाडा दर (प्रति कोठा) |
|---|---|---|---|---|
| १ | कोठा नं.१देखि२८मध्ये(५,६,७, ८,९,११,१२,१५,१६,१७,१८,१९र २२) | मनराशिसवा नगरपालिका वडा नं. ५ | १ वर्ष | ६००।- |

१.शिलबन्दी दरभाउपत्र इच्छुक व्यक्तिले नेपाली नागरिकता प्रमाण-पत्रको छाँया कपि अनिवार्य पेश गर्नु पर्नेछ ।

२.शिलबन्दी दरभाउपत्र लिन इच्छुक व्यक्तिले रु.५००/-तिरी पछि फिर्ता नहुने गरी कार्यालयबाट दरभाउपत्र खरिद गर्नुपर्ने छ ।

३.शिलबन्दी दरभाउपत्रको साथ आफुले कबोल गरेको अंकको तिन महिना बराबरको रकम धरौटी वापत यस कार्यालयको लक्ष्मी सनराइज बैंक ' लि. मनरामा रहेको धरौटी खाता नं.०८४०३०००१९३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरी पेश गर्नु पर्नेछ।

४.शिलबन्दी दरभाउपत्र स्वीकृत भए पश्चात कोठा भाडामा नलिएमा राखेको धरौटी वापतको रकम जफत हुनेछ ।

५.शिलबन्दी दरभाउपत्र खरिद गर्ने मिति१५औं दिनको बेलुका ४:०० बजे सम्म रहनेछ ।

६.शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति १६औं दिनको दिउँसो १:०० बजे सम्म र सो दिन सार्वजनिक विदा परे भोलिपल्ट हुनेछ।

७.शिलबन्दी दरभाउपत्र दाखिला गर्ने कार्यालयः-मनराशिसवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मनरा, महोत्तरी को राजश्व शाखा ।

८.शिलबन्दी दरभाउपत्र खोलिने मितिः- १६ दिनको दिउँसो २:०० बजे ।

९.शिलबन्दी दरभाउपत्र खोलिने स्थानः- मनराशिसवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मनरा ,महोत्तरी ।

१०.बोल अंक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११.माथि उल्लेखित कोठामा रक्सी तथा गैर कानुनी व्यापार व्यवसाय गर्न गराउन पाईने छैन ।

१२.माथि उल्लेखित कोठामा अनाधिकृत रुपमा राखिएका सामाग्री तथा मालसामानहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सात(७) दिन भित्र सम्बन्धित व्यक्तिले खाली गरिसक्नु पर्नेछ ।

१३.अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१४.कोठाको भाडा प्रति वर्ष कार्यालयले तोकेको प्रतिशतको आधारमा वृद्धि हुनेछ ।

राजेश कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत